श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१९ सालको ऐन नं. १९

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

### श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरू-लाई कार्यान्वित गर्न बनेको ऐन

प्रस्तावना:– श्री ५ को सरकारको अर्थसम्बधी प्रस्ताबहरूलाई कार्यान्वित गर्न केही कर, महसूल, पोत र दस्तूर लगाउन, लगाइराखेकोलाई चालू राख्न हेरफेर गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्तनाम र प्रारम्भ:–(१) यो ऐनको नाम आर्थिक ऐन, २०१९ रहेकोछ ।

(२) यो ऐनको दफा ६, दफा १६ र दफा १७, २०१९ श्रावण ९ गतेदेखि र अरू दफाहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२. परिभाषा:– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "मालपोत" भन्नाले जग्गा जमीनको नेपाल कानून बमोजिम श्री ५ को सरकारमा बुझाउनुपर्ने नगदी वा जिन्सी सम्झनुपर्छ र यो शब्दले त्यसरी बुझाउनुपर्ने भूमिकरलाई समेत जनाउँ छ ।

(ख) "शहरी क्षेत्रको घर जग्गा" भन्नाले श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएका शहरी क्षेत्रमा रहेको घर र त्यसको कम्पाउण्डभित्रको सुरक्षित किसानले भूमि सम्बन्धी ऐन, २०१४ अनुसार हक प्राप्त गर्न नसक्ने जग्गा सम्झनु पर्छ ।

(ग) "विदेशी लगानी" भन्नाले नेपाली नागरिकको विदेशमा लगाइराखे-को सरकारी सेक्यूरिटी, सेयर, बैंक एकाउण्ट, घर जग्गामा लगाएको रकम र अरू सबै किसिमको नगदी लगानीलाई समेत जनाउंछ तर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल अधिराज्यमा निकाशी पैठारी गर्ने सुविधाको लागि खोलेका चल्ती खातालाई लिइने छैन ।

(घ) "होटेल" भन्नाले नगद किरायमा भोजन (खाना पीना) को प्रबन्ध भई वा नभई वसो वासको सुविधा दिने गरी व्यावसायिक आधारमा चलाइएको होटेल सम्झनु पर्छ ।

(ङ) "आय" भन्नाले सबैप्रकारको आम्दानीलाई जनाउंछ ।

(च) "आय कर" भन्नाले आयमा लागेका करलाई सम्झनु पर्छ ।

३. <u>रेल्वे भाडा र बिजुली महसूलः</u>– यो दफा प्रारम्भ भएको मितिदेखि रेल्वे (कोचिंग गुड्स-समेत) भाडा र बिजुली बत्ती (डोमिष्टिक पावरसमेतमा) साविक बमोजिम भाडा र महसूल लगाइने र असूल उपर गरिनेछ ।

४. <u>शहरी क्षेत्रको घर जग्गाः</u>– यो दफा प्रारम्भ भएका मितिदेखि शहरी क्षेत्रको घर जग्गामा त्यसको मोलको अंकको आधारमा अनुसूची (१) मा लेखिएको दरले वार्षिक कर लगाइने र असूल उपर गरिनेछ ।

५. <u>विदेशी लगानीमा करः</u>– यो दफा प्रारम्भ भएका मितिदेखि नेपाली नागरिकको विदेशी लगानीमा त्यसको मोलको अंकको आधारमा अनुसूची २ मा लेखिएको दरले वार्षिक कर लगाई असूल उपर गरिनेछ ।

६. <u>मालपोतमा बृद्धि.</u>–(१) यो दफा प्रारम्भ भएका मितिदेखि तराई क्षेत्रको जग्गामा २०१८
।१९ सालमा २५ प्रतिसत थपगर्दा १ बिगाहमा ने. रू. १०।– वा सोभन्दा घटी मालपोत
लागेको जग्गामा ने. रू. १५।–, र २०१८।१९ सालमा २५ प्रतिशत थप गर्दा १ विगाहमा
१०।– भन्दा बढी मालपोत लागेका जग्गामा ने, रू. २०।– लगाई असूल उपर गरिनेछ ।
काठमाडौं उपत्यका र पहाडी क्षेत्रको जग्गामा २०१७।१८ सालको आर्थिक वर्षमा माल-
पोत (तिरो) मा ४० प्रतिसत बृद्धि गरी असूल उपर गरिनेछ र सो बमोजिमको
मालपोत असूल गर्दा अबउप्रान्त काठमाडौं उपत्यका र पहाडी क्षेत्रमा ने. रू. १।-को
५ पाथिका दरले कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको जिन्सी मालपोत (वृद्धिसमेत) लाई ने. रू. १।– को ५ पाथिका दरले नगदीमा परिणत गरी अबउप्रान्त सोही बमोजिम लगत कायम गरी नगदीमा मात्र मलपोत असूल उपर गरिनेछ ।

(३) उपदफा (१) र (२) मा जेसुकै लेखिएको भए तापनि श्री ५ को सरकारबाट सञ्चालित गुठीको जग्गाको सम्बन्धमा नगदी बुझाइराखेकोले नगदी नै र जिन्सी बुझाइराखेकोले जिन्सी नै साबिक बमोजिम बुझाउनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मालपोतमा थप (जग्गा) कर फिर्ता पाउने:– आर्थिक ऐन, २०१८ को दफा ६ बमोजिम लागेको थप (जग्गा) कर खारेज गरिएको छ र त्यस दफा अन्तर्गत २०१६।१७ र २०१७।१८ सालमा असूल उपर गरिएको थप जग्गा कर सो कर बुझाउनेले मालपोत बुझाउनु पर्ने भए त्यसैमा मिलाइने छ र त्यस्तो बुझाउन नपर्नेले फिर्ता पाउनेछ।

तर आर्थिक ऐन, २०१८ को दफा ६ बमोजिम २०१८।१९ मा लागेको थप (जग्गा) कर कसैले बुझाउनुपर्ने बांकी भए सो सालको बांकी मात्र सोही ऐन बमोजिम असूल उपर गरिनेछ।

८. रजिष्ट्रेशन दस्तूर:– यो दफा प्रारम्भ भएका मितिदेखि रजिष्ट्रेशन दस्तूर साविक बमोजिम लगाइने र असूल उपर गरिनेछ।

९. भन्सार महसूल:– यो दफा प्रारम्भ भएका मितिदेखि अनुसूची ३,४,५, र ६ मा लेखिएको नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्य-भित्र पैठारी हुने माल वस्तुहरूमा सोही बमोजिम र नलेखिएका माल वस्तुहरूमा साविक बमोजिम भन्सार महसूल लगाई असूल उपर गरिनेछ।

१०. हवाई उडान कर:– यो दफा प्रारम्भ भएको मितिदेखि हवाई उडान कर साविक बमोजिम लगाई असूल उपर गरिनेछ।

११. रेडियो कर:– नेपाल अधिराज्यभित्र रहेको सबै रेडियोमा साबिक बमोजिम वार्षिक कर लगाई असूल उपर गरिने छ।

१२. पानी कर:– श्री ५ को सरकारले बनाएको रिजरभ्वायर वा टंकीमा जम्मा गरी वा खोला मूलदेखि पाइप लाइनबाट ल्याएको पानी पाइपद्वारा कसैले आफ्नो क्याम्प वा घरमा जडान गरी उपयोग गरेकोमा साविक बमोजिम पानी कर लगाइने र असूल उपर गरिनेछ।

१३. पानी पोत:– यो दफा प्रारम्भ भएका मितिदेखि तराई क्षेत्र, काठमाडौं उपत्यका र पहाडी क्षेत्रहरूमा साविक बमोजिम पानी पोत लगाई असूल उपर गरिनेछ।

१४. होटेल कर:– यो दफा प्रारम्भ भएका मितिदेखि साविक बमोजिम होटेल कर लगाई असूल उपर गरिनेछ।

१५. हुलाक महसूल:– यो दफा प्रारम्भ भएका मितिदेखि साविक बमोजिम हुलाक महसूल लगाई असूल उपर गरिनेछ।

१६. आय कर:– (१) यो दफा प्रारम्भ भएका मितिदेखि नेपाल अधिराज्यभित्र आर्जन गरिएको वा प्राप्त भएको आयमा अनुसूची ७ बमोजिम आय कर लगाई असूल उपर गरिनेछ।

(२) उपदफा लागू भएका मितिदेखि आर्थिक ऐन, २०१८ को दफा १२ बमोजिम लागेको पारिश्रमिक, व्यापार मुनाफा कर खारेज गरिएकोछ।

२०९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. टिकट दस्तूरः– यो दफा प्रारम्भ भएका मितिदेखि अनुसूची ८ को कालम २ मा लेखिएको दरले देहायका कागजातमा टिकट दस्तूर लगाईनेछ ।

(क) तमसूक र भरपाईमा

(ख) नगदी वा जिन्सी लेनदेनका कागजातमा

(ग) शेयर, डिवेञ्चर स्टकको खरीद विक्रीमा

(घ) रजिष्ट्रेशन हुने कागज पत्रमा

(ङ) इन्स्योरेन्स पलिसी (बीमा निगम) सम्बन्धी गैन्ह कगजमा

(च) जिन्सी वा नगद बाली बुझाउंदाको कागजमा

१८. बचाउः– नेपाल अधिराज्यको संविधानको धारा ५५ (४) बमोजिम यो ऐन निष्क्रय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यो ऐन अन्तर्गत भए गरेका कामकुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन २०१० को दफा ४ लागूहुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूचि–१

### शहरी क्षेत्रको घर जग्गामा कर

| घर जग्गाको मोल – – – | – ने. रू. | करको दर प्रति हजार ने. रू. मा – |
|---|---|---|
| पहिलो ने. रू. | ५०,००० | केही नलाग्ने |
| त्यसपछिको ने. रू. | १०,००० | ने. रू. १।– |
| ,, ,, | १०,००० | ,, २।– |
| ,, ,, | १०,००० | ,, ३।– |
| ,, ,, | १०,००० | ,, ४।– |
| ,, ,, | १०,००० | ,, ५।– |
| ,, ,, | १०,००० | ,, ६।– |
| ,, ,, | जतिसुकैमा पनि | ,, ७।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसची–२

### विदेशी लगानीमा कर

| विदेशो लगानीको मूल्य – – – – – ने. रू. | | करको दर प्रति हजार ने. रू. मा |
|---|---|---|
| पहिलो ने. रू. | ५०,००० | केहि नलाग्न |
| त्यस पछिको ने. रू. | १०,००० | ने. रू. १।– |
| ,, ,, | १०,००० | ,, २।– |
| ,, ,, | १०,००० | ,, ३।– |
| ,, ,, | १०,००० | ,, ४।– |
| ,, ,, | १०,००० | ,, ५।– |
| ,, , | १०,००० | , ६।– |
| ,, ,, | जतिमुकैमा पनि | ,, ७।– |

भन्सार दरवन्दी

## अनुसूची–३

भोट (तिब्बत) बाट नेपाल अधिराज्यमा पैठारी हुने र नेपाल अधिराज्यबाट भोट (तिब्वत) मा निकासी हुने माल, वस्तुहरूको भन्सार महसूल लिने दरवन्दी ।–

| मालको नाम | नाप तौल परिमाण | दरवन्दी निकासी | दरवन्दी पैठारी | कैफियत |
|---|---|---|---|---|
| **२–सुना चांदी, ज्वाहारात रुपैयां कम्पनी** | | | | |
| कम्पनी, चिनियां डलर – | प्रतिसय तोला के | ३०।– | २।– | |
| सुन र सुनको गहना – | प्रति तोला के | २०।– | २।– | |
| चांदी र चांदीको गहना – | प्रतिसय तोला के | ३०।– | ५।– | |

**१९–अरू**

माथि लेखिएदेखि बाहेक अरू माल सामान निकासी तथा पैठारी हुन आएमा त्यस्तोमाल सामानहरूको भारतबाट नेपाल अधिराज्यमा पैठारी हुने र नेपाल अधिराज्यबाट भारतमा निकासी हुने माल सामानहरूमा लाग्ने दरवन्दी (अर्थात् अनुसूची २ ) बमोजिम भन्सार महसूल लिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भंसार दरवन्दी

## अनुसूची-४

भारतबाट नेपाल अधिराज्यमा पैठारी हुने र नेपाल अधिराज्यबाट भारतमा निकासी हुने माल, वस्तुहरूको भन्सार महसूल लिने दरवन्दी (तर यस दरवन्दीको व्याख्यामा नपरेको ए. आर. वन फार्मबाट पैठारी हुने माल सामानमा भन्सार महसूल लिइने छैन)

| संकेत नं. | मालको नाम | नाप,तौल परिमाण | दरवन्दी निकासी | दरवन्दी पैठारी | कैफियत |
|---|---|---|---|---|---|
| ०१३ | टीनमा पैक गरेको मासु र मासुबाट बनेका परिकारहरू (गाई, गोरुको बाहेक) -- | | | | |
| ०१३-०१ | पैक नगरेको आलो मासु | मो. प्र. स. | | १० | |
| ०२३ | ध्यू, मखन, नौनी | | | | |
| ०२३- | चीज (पनीर) | मो. प्र. स. | २ | १० | |
| ०४१- | खाद्यान्नको पीठो खाद्यान्न-बाट बनेको पदार्थ तथा सागपातको सत्व (स्टार्च-बाट बनेका पदार्थहरू) | | | | |
| ०४८-०५ | बार्ली (डिब्बामा आउनेको) | मो. प्र. स. | | १ | |
| ०५४ | तरकारी र सागपात, दलहन र कन्दमूल | | | | |
| ०५४-०१ | आलु र आलुको ध्यू - - | प्रतिमन | १।५० | १। | |
| ०५४-०३१ | उखु - - - | प्रतिमन | ।५० | ।१० | |
| | नोट:-तर चिनीको मील नभएको वा मील नचलेको जिल्लामा उखुको निकासी महसूल प्रतिमन -।१० दश पैसा मात्र लिइनेछ। | | | | |
| ०१५- | ताजा फलफुल र सुखा फल (काष्ट फल) | | | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ०५१-०११ | सुन्तला – – – | प्रतिसय के. | ।२० | ।५० |

०६– चिनी र चिनीबाट बनेको पदार्थ

| | | | | |
|---|---|---|---|---|
| ०६१-०२ | मिश्री, चिनी (सेता र खाड सारी खैरो) – – | प्रतिमन | ।५० | ३। |

नोटः– तर ए. आर. वन फर्मबाट पैठारी भएको चिनीमा विराटनगर र भद्रपुरलाई फाराममा जनिएका मोलको सककडा २ दुई र अन्यत्र जिल्लालाई फाराममा जनिएको मोलको सयकडा १ एक थप सरचार्ज लिइनेछ।

०७ कफी, चिया, कोको, चक्लेट र मसालाहरू तथा तिनबाट बनेका पदार्थहरू–––––––

| | | | | |
|---|---|---|---|---|
| ०७४-०१२ | कोरा चियाको पात | प्रति पाउण्ड – | ।०५ | ।०५ |

०७५– मसालाहरू

| | | | | |
|---|---|---|---|---|
| ०७५-०२०५ | अलैंची, हिंगडा- - | मो. प्र. श | ४ | ५ |
| | | वा प्रतिमन | ७। | १५।–जुन बढी हुन्छ। |

११–पिउने (पेय) पदार्थ र सुर्ति चुरोट आदि–

| | | | | |
|---|---|---|---|---|
| ११२-०१ | रक्सी (४० देखि ६० प्रतिशत सम्म अल्कोहल भएको) आदि गै-ह पदार्थमाः– | | | |
| | (क) व्यक्तिगत प्रयोगका निमित्त ३ तीन बोतल–सम्म ल्याएमा | मो. प्र. श. | ५० | १०० |
| | (ख) माथि लेखिएभन्दा बढी ल्याएमा –– | ,, | १६० | २५० |
| ११२- | वाहन (८ देखि १७ प्रतिशत–सम्म अल्कोहल भएको) आदि गै-ह पदार्थमाः– | | | |
| | (क) व्यक्तिगत प्रयोगका निमित्त ३ तीन बोतलसम्म ल्याएमा– | मो. प्र. श. | ५० | ८० |
| | (ख) माथि लेखिएभन्दा बढी ल्याएमा | ,, | ६० | १२० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११२- बियर (१।। देखि ६ प्रतिशत-
सम्म अल्कोहल) आदि गै-ह
पदार्थमाः-
(क) व्यक्तिगत प्रयोगका
निमित्त १२ बा-ह
बोतलसम्म ल्याएमा मो. प्र. श. १५ ३०
(ख) माथि लेखिएभन्दा
बढी ल्याएमा-- ,, ३० ६०

नोटः- रक्सी, वाइन तथा बियरमा रहेको अल्कोहलको प्रतिशतको प्रमाण, तीन बोतल मदिरा र बा-ह बोतल बियर साथमा ल्याउनेहरूका बाहेक अरू किसिमको पैठारी कर्ताहरूले, उत्पादन केन्द्रबाट प्राप्त गरी भंसारलाई पैठारी गर्नेले नै दिनुपर्नेछ।

नोटः- तर ए.आर. वन फारामबाट पैठारी भएको जुनसुकै किसिमको चुरोटमा फाराममा जनिएको मोलको सयकडा१-(एक) का दरले थप सरचार्ज लिइनेछ।

१२२- बिडी - - - प्रति हजार १।-बिडीको पैठारीमा प्रतिबन्ध उठाइएकोछ।

१२२-०३२ जर्दा - - - मो. प्र. श. १ १५

२२ तेलहन, तेल निस्कने बियां र तेल निस्कने त्यस्तै अरू पदार्थहरूः-

२२१-०९३ लौकाको बियां - - प्रतिमन १।

४१२-वनस्पती (तेलहन) बाट निस्केको तेल र ब्वाएल्ड तथा डबल ब्वाएल्ड तेल - -

४१२-०१ आलसको तेल (डबल ब्वाएल्ड
बाहेक) प्रतिमन - - २। १५।- आलसको तेलको पैठारीमा लागेको प्रतिबन्ध काठमाडौं उपत्यकालाई बाहेक अन्यत्र जिल्लालाई उठाइएको छ।

नोटः- तर ए. आर. वन फारामबाट पैठारी भएको आलसको तेलमा प्रतिमन ने. रू. १।- एक रुपैयाँ थप सरचार्ज लिइनेछ।

४१२-०१२ सरस्यूं, तोरी, रायको तेल प्रतिमन २। ६।

नोटः- तर ए. आर. वन फारामबाट पैठारी भएको सरस्यूं, तोरी रायको तेलमा प्रतिमन ने. रू. २।- दुई रुपैयां थप सरचार्ज लिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ४१२-०६४ | तिलको तेल – – | प्रतिमन | १। | ६। |

नोटः- तर ए. आर. वन फारामबाट पैठारी भएको तिलको तेलमा प्रतिमन ने. रू. २ (दुई रुपैयां) थप सरचार्ज लिइनेछ।

| | | | | |
|---|---|---|---|---|
| ४१२- | चिउलीको ध्यू – – | प्रतिमन | १। | १। |

२९२- कच्चा वनस्पति पदार्थ खान नहुने जडी बूटीसमेत

| | | | | |
|---|---|---|---|---|
| २९२-०१२ | खयर (लकडीको टुक्रा) | प्रतिमन | ३। | १। |
| २९२- | रिट्ठा – – – | प्रतिमन | १। | । |
| २९२- | रुद्राक्ष – – – | मो. प्र. श. | ५ | ५ |

२७२-कच्चा खनिज पदार्थ र (पेट्रोल, कोइला र किमति पत्थर बाहेक)

| | | | | |
|---|---|---|---|---|
| २७२-०२१ | बालुवा – – – | प्र. घ. फुट | ।०१ | ।०५ |
| २७२-०३ | ढुंगा गिर्खा (रोडा) बाटोमा बनाउने काममा लगाउने – | ,, | ।०१ | |
| २७२- | स्लेट ढुंगा – – | ,, | ।०१ | ।०५ |
| २७२- | स्लेट गोरा – – | ,, | ।०५ | ।२५ |
| २७२-०११ | औद्योगिक काममा लाग्ने ढुंगा खरिया माटो अर्थात् जिप्सम इत्यादि – – | प्रतिसय क्यू.फु. | ।५० | ।५० |
| २७२- | चुना पत्थर (चुन ढुंगा) – | प्र. घ. फुट | ।०१ | |
| २७२-०१३ | अभ्रक – – – | प्रतिमन | १०।– | ३०। |
| २७२- | राम तिलक (गेरू) – | मो. प्र. श. | १ | ५ |
| २७२- | मार्वल १ इ. बाक्लो – | प्रतिबर्ग फुट | ।०१ | ।०५ |
| २७२- | मार्वल चीप – – | प्रतिमन | ।२५ | १।२५ |

३१-खनिज इन्धन (आगो बाल्ने पदार्थ) लुब्रिकेन्ट र सम्बन्धित पदार्थ जस्तै कोयला, पेट्रोल, डिजल आदि फ्एलहरू – –

| | | | | |
|---|---|---|---|---|
| ३३३-०११ | मोटरको पेट्रोल | प्रति गेलेन | १। | १। |
| ३३३-०१२ | हवाई पेट्रोल – | ,, | १। | १। |

नोटः- ए आर. वन फारामबाट पैठारी भएको पेट्रोलमा बिराटनगर र सप्तरी (हनुमान नगर) लाई प्रति गेलेन ने. रू, ।३० (तीस पैसा) र अन्यत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्लाहरूलाई ने. रू. ।५७ (सन्ताउन्न पैसा) थप
सरचार्ज लिइनेछ ।

| | | | | |
|---|---|---|---|---|
| ३१३–०३ | डिजेल आयल र अरू बाल्ने तेल र फुवल आयल – | प्रतिगेलेन | ।५० | ।४० |

नोटः– तर ए. आर. १ फारामबाट पैठारी भएको लाइट डिजल आएलमा मात्र प्रति गेलेन ने. रू. २० (बीस पैसा) थप सरचार्ज लिइनेछ ।

५१–रासायनिक अवयव मिश्रणहरू (एसिड, अल्कोहल, ग्लीसिरिन आदि)

| | | | | |
|---|---|---|---|---|
| ५११–०५ | सिलिकेट – – | मो. प्र. स. | | १ |
| ५११–०९ | अन्य रसायनिक पदार्थ | ,, | १ | १ |

६८ लोहा इस्पात आदि सस्तो धातु

| | | | | |
|---|---|---|---|---|
| ६८१–०४ | ऐ. का दलीन, सत्तरी र सेक्शनहरू इत्यादि – – | मो. प्र. स. | १ | ५ |
| ६८१–०५ | फलामको कोरा पाता र चादर | ,, | ३ | ३ |

७६ चांदी प्लेटिनम रत्न र जवाहिरात

| | | | | |
|---|---|---|---|---|
| ६७१–०१ | चांदी – – | प्रतिसय तोला के | ३०। | ५। |
| ६७३–०११ | सुन – – | प्रतितोला | २०। | २। |
| ६७३–०१२ | सुनको गहना र मालहरू | ,, | २०। | २। |
| ६७३–०१४ | चांदीको गहना र मालहरू | प्रतिसय तोला | ३०। | ५। |
| ६७३–०२ | नकवली गहना – | मो. प्र. स. | ५ | ५ |

६६४–कांच

| | | | | |
|---|---|---|---|---|
| ६६४–०२ | चस्माको ऐना (पावर भएको) | मो. प्र. स. | १ | ३ |

६९९–धातुहरूबाट बनेको माल अन्यत्र नपरेको

| | | | | |
|---|---|---|---|---|
| ६९९–०१५ | फलाम इस्पात, एल्यूमोनियम बाहेक अरू धातुबाट बनेका घरेलु भांडा कुंडा – – | मो. प्र. स. | | ६ |

नोट :– तर पित्तल, ढलौट, तामा, कांस, आदि मिश्रित धातुसमेतबाट बनेको भांडा कुंडा (एल्यूमोनियमबाट बनेको बाहेक) विराटनगर, भैरहवा, वीरगन्ज, गौचर र का. गो. भन्सारबाट पैठारी भएमा साधारण दरबन्दीमा सयकडा १० (दश) थप भन्सार महसूल लाग्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ६२ – रबर र रबरको माल (रबरको जुत्ता, लुगा, फर्निचर बाहेक)

| | | | | |
|---|---|---|---|---|
| ६२१–०१२ | डनलप पिलो र यस्तै स्पन्ज रबरबाट समेत बनेको मालहरू– | मो. प्र. स. | ५ | १० |

## ६५.– कपडा बुन्न बाटिएका सुता (रेशमी सुती ऊनी वा आर्ट शिल्कका) र ऐ. का कपडाहरू र ऐ. बाट बनाएका माल (तयारी लुगा फाटा बाहेक)

| | | | | |
|---|---|---|---|---|
| ६५२–०१३ | सुति कपडा मसिनो अति मसिनो बानाको (फाइन, सुपर फाइन) फुन्ट टुक्रा टुक्रीसमेत– | प्रति गज | ।०४ | ।१० |
| ६५२–०१५ | हैण्डलुम र पावरलुममा बनेको सुती कपडा (फाइन, सुपर फाइन र मिडियम तथा पावरलुम भनी लेखिएको समेत)– | मो. प्र. स. | २ | ५ |

नोट.– सुति (मोटा, मझौला, मसिनो, अति, मसिनो र हैण्डलुम तथा पावरलूमका सुती कपडा) का धोतीहरुमा ।। (आधा) इन्ची सम्म रेशम वा कृत्रिम रेशम वा सिल्कहरू मिसिएकोमा पनि सुति कपडाहरू सरहनै भन्सार महसूल लिइनेछ ।

| | | | | |
|---|---|---|---|---|
| ६५३–०१ | रेशमी कपडाहरू | मो. प्र. स. | १ | ७।। |
| ६५३–०३ | सन लिनेन पाट र हाम्प बाट बनेका कपडाहरू | ,, | १ | ७।। |
| ६५३–०५ | आर्ट सिल्क र काँचो धागो-बाट बनेका कपडाहरू | ,, | १ | ७।। |
| ६५३–०६ | अरू किसिमका कपडाहरू अन्यत्र नपरेका | ,, | १ | ७।। |

## ६५४–लेस कारचोपी आदि

| | | | | |
|---|---|---|---|---|
| ६५४–०१२ | रेशमी जाली लेस सबै किसिमको | मो. प्र. स. | ५ | ७।। |
| ६५४–०२ | रेशमी आर्ट सिल्कबाट बनेको रिबन | ,, | ५ | ७।। |

## ६५७–जमीन ढाक्ने चीज सतरन्जा, गलैंचा आदि र ट्रापेष्टी

| | | | | |
|---|---|---|---|---|
| ६५७–०३१ | बाटिने वनस्पती पदार्थकागुन्द्री | प्रतिकोरी | | २।५० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ८४१–तयारी लुगा (जीवजन्तुको भुवादारी छालाको बाहेक)

नोटः–तयारी लुगा भन्नाले दर्जीले काटेर सिलाई गरेका कपडाहरूलाई मात्र मानिने छ ।

## ५५–एसेन्स (सत्व) बाट बनेका तेल र खुश्बुको पदार्थहरू श्रृंगार गर्ने पालिस गर्ने र सफा गर्ने चीजहरूः–

| | | | | |
|---|---|---|---|---|
| ५५१–०१ | एसेन्स र एसेन्सबाट बनेका तेलहरू | मो. प्र. स. | ५ | ५ |
| ५५१–०२१ | नक्कली खुश्बु, हियर आयल | ,, | ५ | ५ |
| ५५२–०१२ | पाउडर, फा, मलम, स्नो, लोसन श्रृंगार बाकस, भेसलिन, पमेड, स्याम्पु, लिपष्टीक, कपालमा लाउने जाली हियर क्रीम | मो. प्र. स. | ५ | ५ |
| ५५२–०२१ | टूथ पेष्ट र टूथ पाउडर | ,, | ५ | ५ |
| ५५२–०२२ | साबुन नुहाउने | ,, | ५ | ५ |
| ५५२–०२३ | साबुन दाह्री बनाउने | ,, | ५ | ५ |
| ५५२–०१ | साबुन लुगाधुने डल्लो | प्रतिमन | ।४० | ३। |

## ५४–औषधि र औषधि तयार गर्ने पदार्थ

| | | | | |
|---|---|---|---|---|
| ५४१–०११ | भिटामिन र भिटामिनका वस्तुहरू (भाइबुोना, भाइनो लारविन कार्नेससमेत) – – | मो. प्र. स. | २ | २ |

## ६४–कागज, कागजको बोर्ड र ऐ बाट बनेका माल

| | | | | |
|---|---|---|---|---|
| ६४१–०२२ | नेपाली कागज | मो. प्र. स. | १ | |
| ६४१–०३ | साधारण प्याक गन कागज (सलाई) प्याक गर्ने ब्ल्यूपेपर, क्राफ्ट पेपर, ष्टार पेपर र साबुन पैक गर्ने आयल पेपरसमेत | मो. प्र.स. | १ | २।। |

## ७१–बिजुलीबाट चल्ने बाहेक मेसिनरी

| | | | | |
|---|---|---|---|---|
| ७११–०५२ | हवाई जहाजको बाहेक इन्टर्नल कम्बस्सन डिजेल र अर्ध डिजेल इन्जीनहरू सवारी गाडा निमित | मो. प्र. स. | १० | २० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | **७१२– कृषि सम्बन्धी मेसिन र औजारहरू** | | | |
| ७१२–०१ | ट्र्याक्टरहरू (वास्पबाट चल्ने बाहेक) | मो.प्र.स. | १ | १ |
| | नोटः– अस्थायी तवरबाट पैठारी गरी ल्याएको ट्याक्टरमा निम्न लेखिए बमोजिम भन्सार महसूल लगाई असूल उपर गरिने छः– (१) पहिलो ५ (पांच) दिनको निमित्त ने. रू. २० (बीस रुपैंयां) का दरले भन्सार महसूल लिने – – (२) ५ (पांच) दिन भन्दा पछि प्रत्येक १ एक दिनको ने. रू. १५ (पन्ध्ररुपैयां) का दरले भन्सार महसूल लिने – | | | |
| | **७१५–धातुमा कामगर्ने मेसिन** | | | |
| ७१५–०१ | धातुमा काम गर्ने कलको ज्याबल वा मेसिन टुल (सम्याउने, प्वाल पार्ने चिप्ल्याउनेसमेत) | मो.प्र.स. | ५ | १ |
| | **७२–बिजुलीको मेसिनरी सामान र सामग्री** | | | |
| ७२१–०४ | रेडियो, रेडियो फोनो ग्राफ, लाउडस्पीकर माइक्रोफोन, टेप रेकर्ड र रेडियोका अरू सामान | मो.प्र.स. | १० | २० |
| | **७३–यातायातका सामग्रीहरू** | | | |
| ७३२–०१ | मोटरकार, स्टेशन, वागन लाण्ड रोभर र ऐका बडी | मो.प्र.स. | १० | ३० |
| | | वा प्रतिगाडी | ३२००। जुन बढी हुन्छ | |
| ७३२–०२ | जीप | मो.प्र.स. | १० | २० |
| | | वा प्रतिगाडी | २०००। जुन बढी हुन्छ | |
| ७३२–०३ | मोटर साइकल र मोटर भए का सबै किसिमको साइकल | मो.प्र.स. | ५ | १० |
| ७३२–०३१ | बस, ट्रक, लहरी र भान डिजलबाट चल्ने वा पेट्रोल-बाट चल्नेसमेत र ऐका बडी | मो.प्र.स. | १० | २० |
| | | वा प्रतिगाडी | ४०००। जुन बढी हुन्छ | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नोटः– (१) अस्थायी तवरबाट पैठारी गरी ल्याएका मोटर कार, स्टेशन वागन, लाण्ड, रोभर, जीप, बस, ट्रक, लहरी र भान आदि सवारीहरूमा निम्न लेखिए बमोजिम भंसार महसूल लगाई असूल उपर गरिने छः–

(क) पहिले ५ पांच दिनको निमित्त ने. रू. २०। (बीस रुपैयाँ) का दरले भन्सार महसूल लिने ।

(ख) ५ पांच दिनभन्दा पछि प्रत्येक १ एक दिनको ने.रू. १५ (पन्ध्र रुपैयां) का दरले भन्सार महसूल लिने ।

(२) तर बडाहाकिमले सिफारिश गरेको सरकारी काममा आउने उपरोक्त गाडीहरूमा ३ तीन दिनसम्म अस्थायी महसूल लिइने छैन ।साथै टुरिष्टहरूले कार्नेमा ल्याएको गाडीहरूमा पनि ६ छ महीना–सम्म उपरोक्त महसूल लिइने छैन ।

८१–बाथरूमका माल सामान र अरू सेनेटरी फिक्सचर सबै किसिमको बत्ती र बत्तीको सामान बिजुलीको बाहेक

| | | | | |
|---|---|---|---|---|
| ८१२–०२ | बाथरूमका सामान | मो.प्र.स. | १ | १० |

८५१–जुत्ता

| | | | | |
|---|---|---|---|---|
| ८५१– | जुत्ता जात गैह | मो.प्र.स. | १ | ५ |

नोट.–ए आर. वन फारामबाट पैठारी भै आएका जुत्तामा मोलको सयकडा २ दुई थप सरचार्ज लाग्नेछ ।

८६२– खिचिएको सिनेमा फिल्म

| | | | | |
|---|---|---|---|---|
| ८६३–०१ | सिनेमा फिल्म (खिचि–सकेको) | | | |
| | (क) काठमाडौं उपत्यकालाई | प्रतिफुट | १।। | डेढ पैसा |
| | (ख) मौफसल (अन्यत्र जिल्ला) लाई | ,, | ।१ | एक पैसा |

८९२– छापिएका पुस्तक आदि

| | | | | |
|---|---|---|---|---|
| ८९२–०४ | प्रचार निमित्त छापिएको पोष्टर डिजाइन र विज्ञापन | | | |
| ८९२– | औद्योगिक कामको निमित्त पैठारी भएका लेबुलहरू | मो.प्र.स. | १ | २।। |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८९९-तयारी माल सामान अन्यत्र नपरेको

| | | | | |
|---|---|---|---|---|
| ८९९-०२ | सलाई-४० कांटी भएको बट्टामा | मो.प्र.स | १ | प्रतिग्रूस ३। |
| | ":-४१ कांटी देखि ५० कांटी-सम्मको बट्टामा | मो.प्र.स. | १ | प्रतिग्रूस ३।८० |
| | ":-५१ कांटीदेखि ६० कांटी-सम्मको बट्टामा | " | १ | प्रतिग्रूस ४।७५ |
| | "--यस बाहेक प्रति हजार काँटीमा | " | १ | प्रतिहजार -।६० |

नोटः- तर ए. आर. १ फारामबाट पैठारी भै आएको सलाइमा प्रतिग्रूस ने. रू. १। एक रुपैयां थप सरचार्ज लाग्ने छ।

| | | | | |
|---|---|---|---|---|
| ८९९-३१ | छाता गैह्रः- | | | |
| | (क) वीरगन्ज भन्सार, गौचर भन्सार र का. गो. भन्सारको बाटो गरी पैठारी हुने छातामा | मो.प्र.स. | १ | ८ |
| | (ख) अन्यत्र जिल्लाका भन्सारहरूको बाटो गरी पैठारी हुने छातामा | " | १ | ५ |
| ८९९-०३४ | सिलाई गरेको छाताको कपडा | " | १ | ५ |
| ८९९-२१ | कारिगडी र क्यूरियोको माल सामान (चांदीको माल र सुनको जलप लगाएको समेत) - - | " | ५ | १० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–५

भारत भएर अन्य विदेशी मुलुकहरूबाट नेपाल अधिराज्यमा पैठारी हुने माल वस्तुहरुको भन्सार महसूल लिने दरबन्दी — — —

| संकेत | माल वा बस्तुकोनाम | नापतौल परिमाण | पैठारी | कैफियत |
|---|---|---|---|---|
| | १–जीवित जीवजन्तु र जीव जन्तुबाट निस्केका पदार्थः– | | | |
| ९२१–०९१ | गाई, गोरु, बाछा, बाछी | प्रत्येक | १।५० | |
| ९२१-०९९ | अरू जीवित जीवजन्तु (मासुखान नहुने) – | मो. प्र. श. | १० | |
| ०१३–०२ | टिनपेक गरेको मासु र मासुको परिकार – – | " | ५० | |
| ०१३– | कांचो वा सुकाएको मासु | " | २५ | |
| २९१–०११ | हस्ती दांत | प्रतिमन | १००। | |
| २९१–०१२ | हस्ती दाँतबाट बनेको माल | मो. प्र.श. | २००। | |
| ६११–०१९ | तयारी छाला | " | १० | |
| ६१२–०२ | काठी घोडा र अरू पशुहरूको साज | " | १० | |
| ६१२–०९ | छालाबाट तयार भएका माल अन्यत्र नपरेको | " | १० | |
| ६१३–०१ | सक्कली नक्कली तयारी भुवादार छाला | " | २० | |
| ०३२–०१ | टिन पेक सबै किसिमको माछा र माछाको परिकार | " | ४० | |
| | २ खाद्य पदार्थ | | | |
| ०४८–०४ | बिस्कुट | मो. प्र. श. | १० | |
| ०४८–०९ | खाद्यान्नबाट बनेको अरू पदार्थ | मो. प्र. श. | २० | |
| ०५४–०२ | टिन पेक सागपात र तरकारी | " | २५ | |
| ०६१–०६ | गुलकोज | " | १ | |
| ०४८– | टिन पेक बार्ली | " | १ | |
| ०६२–०१ | चिनीबाट बनेको मिठाई र अरूपदार्थ | " | ३० | |
| ०७२–०१ | चकलेट र चकलेटबाट बनेका पदार्थ | " | ३० | |
| | ३–पेय पदार्थ | | | |
| ०७४– | लुज चिया | प्रतिपाउण्ड | ।२० | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

०११-०२ रक्सी (४० देखि ६० प्रतिशत-
सम्म अल्कोहल भएको) आदि
गैन्ह पदार्थमा – ––

(क) व्यक्तिगत प्रयोगका निमित्त
३ तीन बोतलसम्म ल्याएमा मो. प्र. श. १००

(ख) माथि लेखिएभन्दा बढी ल्याएमा " २५०

०११– वाइन (८ देखि १७ प्रतिशतसम्म
अल्कोहल भएको) आदि गैन्ह पदार्थमा:–

(क) व्यक्तिगत प्रयोगका निमित्त ३ तीन
बोतलसम्म ल्याएमा मो. प्र. श. ८०

(ख) माथि लेखिए भन्दाबढी ल्याएमा " १२०

०११– बियर (२॥ देखि ६ प्रतिशतसम्म
अल्कोहल भएको) आदि गैन्ह पदार्थमा:–

(क) व्यक्तिगत प्रयोगका निमित्त १२
बान्ह बोतलसम्म ल्याएमा " ३०

(ख) माथि लेखिएभन्दा बढी ल्याएमा " ६०

नोट:– रक्सी वाइन तथा बियरमा रहेका अल्कोहलको प्रतिशतको प्रमाण, तीन बोतल मदिरा र बान्ह बोतल बियर साथमा ल्याउनेहरूका बाहेक अरू किसिमका पैठारीकर्ताहरूले उत्पादन केन्द्रबाट प्राप्त गरी भन्सारलाई पैठारी गर्नेले नै दिनुपर्नेछ ।

### ४– सुखा फल काष्ठफल र मसाला आदि

| | | | |
|---|---|---|---|
| ०५१-०७१। | सुपारी | प्रतिसेर | ५। |
| ०५१-०७६। | सुखाफल (बदाम काजु पेस्ता किसमिस छोहरा आदि) | मो. प्र. श. | १० |
| ०७५-०२। | ल्वाँग – –– | " | २०० |

### ५–काठ र काठबाट बनेका माल

| | | | |
|---|---|---|---|
| ६३१-०१ | भेनेष्टा चांदर – | मो. प्र. श. | १० |
| ६३१-०२ | प्लाइउड चादर – | " | १० |
| ६३१-०३ | फाइवर र मेसुनाइट बोर्ड | " | १० |
| ६३२-०६ | काठबाट बनेका मालहरू (फर्निचर बाहेक) – – | " | २० |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६–खनिज पदार्थ

| | | | |
|---|---|---|---|
| २७२–०५ | रकसाल्ट (नून) – | मे. प्र. श. | २ |
| २७२–०७ | ऐना इत्यादि काटने औद्योगिक हीरा र त्यस्तै अब्रोसिव | " | ५ |
| २७२– | पोलिसिटर पोलिएष्टर सिटस मोलिसिहृक्रिम र ग्रैनलर – | " | २॥ |
| २७२–०९ | एसबेष्ट र अन्य खनिजबाट बनेको घर बनाउने माल सामान – | " | १० |
| ६६३–०५ | बिजुलीको कार्बोन र ग्रेफाइट (कालो सिसाको) पदार्थ – – | " | १० |

७–एसिड रासायनिक पदार्थः–

| | | | |
|---|---|---|---|
| २११–०१ | एसिडहरू सबै किसिमका | मे. प्र. श. | १ |
| ५११–०२ | नीलो तुथो | " | १ |
| ५११–०३ | काष्टिक सोडा | " | १ |
| ५११– | सिलिकेट | " | १ |
| ५११–०९ | अरू रसायनिक पदार्थ अन्यत्र नपरेको | " | १ |
| ५१२–०३ | ग्लीसरिन | " | १ |

९–धातुको धाउ कच्चा धातु र धातुका चांदर तथा धातुबाट बनेका माल – – – – –

| | | | |
|---|---|---|---|
| ६८१–०३ | स्टेन लिष्ट स्टील (शिटस) | मे. प्र. स. | ५ |

१०– जवाहिरात किमति धातु र तीबाट बनेका माल गहना

| | | | |
|---|---|---|---|
| ६७१–०१ | चांदी र चांदीका गहना | प्रतिसय तोला | ५। |
| ७८२–०१ | सक्कली ज्वाहारात | मे. प्र. श. | ७५। |
| ६७३–०११ | सुन | प्रतितोला | ३०। |
| ६७३–०१२ | सुन र प्लाटिनमका गहनाहरू | प्रतितोला | ३०। |
| ६९९–१६ | कटलरी, कांटा चम्चा | मे. प्र. श. | ३०। |

११–रबर र त्यसबाट बनेको माल

| | | | |
|---|---|---|---|
| ६२१–०१२ | रबरको टाएर ट्यूब | मे. प्र. श. | १० |

१२ कपास, उन, रेशम र ती बाट बनेका कपडा र माल सामान

| | | | |
|---|---|---|---|
| ६५२–०१ | सुती कपडा | मे. प्र. श. | १० |
| ६५३–०१ | रेशमी कपडा | " | ४० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ६५३–०२ | उनी कपडा (५० पचास प्रति-सत र सोभन्दा बढी उन मिश्रित) | " | ३० |
| ६५३–०५ | आर्ट सिल्क र कृत्रिम रेशमबाट बनेका कपडा | " | ४० |
| ६५३–०९ | अरू किसिमका कपडा अन्यत्र नपरेका | " | ३५ |
| ६५६–०२ | त्रिपाल, पाल, कनात | " | १० |
| ६५६–०३ | उनी कम्बल र रग | " | २५ |
| ६५७–०१ | उनी गलैंचा कार्पेट र उनी ट्रापेष्टी | " | ६० |
| ८४१–०२ | तयारी लुगा (पोशाक) सबै किसिमको | " | ३५ |
| ८४१–१९ | अरू सबै किसिमको कपडा तयारी माल अन्यत्र नपरेको (जस्तो टाई, स्कार्फ रूमाल आदि) | " | ७० |
| | **१४–औषधि र औषधि उपचारमा चाहिने माल सामान** | | |
| ५४१–०११ | भिटामिन र भिटामिनका वस्तुहरू (भाइब्रोना भाइनोला र दिन कार्नेस समेत) | मो. प्र. श. | २ |
| | **१५–रंगाउने रंग र मसी** | | |
| ५३३–०३ | रंग इनामेल, बार्नेस पेष्ट | मो. प्र. श. | १५ |
| | **१६ कागज र कागजबाट बनेका माल** | | |
| ६४१–०९ | कागजबाट बनेको माल अन्यत्र नपरेका | मो. प्र. श. | २० |
| | **१७–ऐना र ऐना तथा पोर्सिलिनका माल सामान** | | |
| ६६१–०९५ | कांचबाट बनेको नक्कली जवाहिरात | मो. प्र. श. | ५० |
| ६६४–०२ | चस्माको ऐना (पावर भएको) | " | ५ |
| ६६४–०३ | झ्यालको ऐना वा ऐनाको चादर | " | ३० |
| ६६५–०९२ | हेर्ने ऐना | " | २५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ६६५–०३ | पोर्सिलिनका घरायसी माल सामान | " | ३५ |
| | **१८– मेशीनरी, कल पुर्जा आदि** | | |
| ७१६–१२ | ताप नियन्त्रण गर्ने र बरफ पार्ने सरजाम | मे.प्र.श. | २५ |
| | **१९–बिजुलीका माल सामान** | | |
| ७२१–०३ | बिजुलीको चिम सबै किसिमको | मे.प्र.श. | १० |
| ७२१–०४ | रेडियो, रेडियो फोनो ग्राम, लाउड स्पीकर माइक्रोफोन र टेप रेकर्ड तथा रेडियोको अरू सामान | मे.प्र.श. | ५० |
| | **२०–यातायातका साधन** | | |
| ७३२–०११ | मोटरकार, स्टेशन वागन, लाण्ड रोभर वा ऐका बडीहरू | मे.प्र.श. बा प्रतिगाडी | १०० ६०००। जुन बढी हुन्छ |
| ७३२–०१२ | जीपकार | मे. प्र.श. बा प्रतिगाडी | ४० ३५००।जुन बढी हुन्छ |
| ७३२–०३ | बस, ट्रक, लरी, वा ऐका बडी | मे.प्र.श. बा प्रतिगाडी | २० ४०००। जुन बढी हुन्छ |
| ७३३–०१ | साइकल | मे.प्र.श. | १० |
| ७३३–०२ | अरू सवारीका सामान अन्यत्र नपरेका | मे.प्र.श. | २० |

नोट:–(१) अस्थायी तवरबाट पैठारी गरी ल्याएका मोटरकार, स्टेशन वागन, लाण्डरोभर, जीप, बस, ट्रक, लहरी र भान आदि सवारीहरूमा निम्न लेखिए बमोजिम भन्सार महसूल लगाई असूल उपर गरिने छ :–

(क) पहिले ५ पांच दिनका निमित्त ने. रू. २० (बीस रुपैयाँ) का दरले भन्सार महसूल लिने।

(ख) ५ पाँच दिनभन्दा पछि प्रत्यक १ एक दिनको ने. रू. १५ (पन्ध्र रुपैयां) का दरले भन्सार महसूल लिने।

(२) तर बडाहाकिमले सिफारिश गरेको सरकारी काममा आउने उपरोक्त गाडीहरूमा ३ (तीन) दिनसम्म अस्थायी महसूल

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिइने छैन । साथै टुरिष्टहरूले कार्नेमा ल्याएको गाडीहरूमा पनि ६ (छ) महीनासम्म उपरोक्त महसूल लिइने छैन ।

२१–बाथ रूमको सामान र बत्ती र बत्तीका सामान

| | | | |
|---|---|---|---|
| ८१२–०२ | बाथ रूमको सामान | मो.प्र.श. | ७० |
| ८१२–०४ | सबै किसिमको बत्ती बत्तीको सामान बिजुली बत्ती बाहेक | " | २० |

२६–घडी, बाद्ययन्त्र र पुस्तक आदि

| | | | |
|---|---|---|---|
| ८६४–०११ | घडी सबै किसिमको | मो. प्र. श. | ६० |
| ८६४–०१२ | घडीको पार्ट पुर्जा | " | ४० |
| ८९२–०४१ | कागज कार्डबोर्डमा छापिएका डिजाइनहरू – | – | |

नोटः–यसमा लेखिएदेखि बाहेक अरू माल सामान तथा वस्तुहरू पैठारी हुन आएमा तेस्ता माल सामान तथा वस्तुमा भारतबाट नेपाल अधिराज्यमा पैठारी हुने माल सामान तथा वस्तुहरूमा लाग्ने दरवन्दी (अर्थात् अनुसूची २ को पैठारी दरबन्दी) बमोजिम लाग्ने महसूलको दोब्बर महसूल लिइनेछ ।

भन्सार दरवन्दी अनुसूची –६

भारत भएर विदेशी मुलुकहरूमा नेपाल अधिराज्यबाट निकासी हुने माल, वस्तुहरूको भन्सार महसूल लिने दरवन्दी ।

| संकेत | माल तथा वस्तुहरूको नाम | नाप तौल | निकासी दर |
|---|---|---|---|
| २९१–०१२ | हस्ती दांत(तयार नगरिएको | प्रतिमन | १००।– |
| २९१–०९२ | सुंगुरको जगर | " | २०।– |
| २९१–०९३ | प्राकृतिक कस्तुरी | प्रत्येक बिना | ५। |
| | | वा प्रतितोला | २। जुन बढी हुन्छ |
| ०५४–०१ | आलु र आलुको बीउ | प्रतिमन | १।५० |
| ०७२–१३ | अम्रक | प्रतिमन | ५। |
| २११–०९ | छाला सबै जीव जन्तुको | मो. प्र.श | १०। |
| ४१२–०१ | आलसको तेल | प्रतिमन | २। |
| २९२–०२ | कांचोलाहा चप्रालाहा (सेलल्याक) | " | २। |
| २७१–०१ | पिना | ' | ।४० |
| २६२–०३ | पश्मिना उन | " | २०। |
| | | वा मो.प्र.श. | २० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| २६२–०९ | अरू उन अन्यत्र नपरेको | प्रतिमन | २। |
| ८४१–०१ | नेपाली टोप टोपीहरू | मो. प्र. श. | १। |
| २६४–०११ | पाट (जूट) सबै किसिमको | प्रतिमन | १। |
| •७५–०२०५ | अलैंची | " | ३। |

नोटः– त्यसमा लेखिएदेखि बाहेक अरू माल सामान तथा वस्तुहरू निकासी हुन आएमा, तेस्ता माल सामान तथा वस्तुहरूमा नेपाल अधिराज्यबाट भारतमा निकासी हुने माल सामान तथा वस्तुहरूमा लाग्ने दरबन्दी (अर्थात् अनुसूची २ को निकासी दरबन्दी) बमोजिम लाग्ने महसूल सरह मात्र लिइनेछ।

## अनुसूची–७

| (१) आय कर | | | (२) करको दर |
|---|---|---|---|
| ने. रू. ७,००० मा | | | केही नलाग |
| त्यस पछिको ने. रू. | | ४,००० मा | ५ प्रतिशत |
| " | " | ४,००० मा | ६ " |
| " | " | ५,००० मा | ७ " |
| " | " | ५,००० मा | ८ " |
| " | " | १०,००० मा | ९ " |
| " | " | १५,००० मा | १० " |
| " | " | २५,००० मा | १२ " |
| " | " | २५,००० मा | १५ " |
| " | " | १,००,००० मा | २० " |
| " | " | जतिसुकै पनि | २५ " |

अरू ऐनमा जेसुकै लेखिएको भए तापनि उद्योग व्यवसायबाट भएको मुनाफामा माथिको दरले लाग्ने करमा सयकडा २५ रिहाई दिइनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-८

### आय टिकट दस्तूर

| (१) | | (२) टिकटको दर |
|---|---|---|
| ने. रु. | १० सम्म – – – – – | केही नलाग्ने |
| " | १० देखि माथि २५ सम्ममा ने. रु. | ।२० |
| " | २५ देखि माथि ५० सम्ममा " | ।५० |
| " | ५० देखि माथि १०० सम्ममा " | १। |
| " | १०० देखि माथि २०० सम्ममा " | १।५ |
| " | २०० देखि माथि ५०० सम्ममा " | २।– |
| " | ५०० देखि माथि १,००० सम्ममा " | ३।– |
| " | १,००० देखि माथि जतिसुक भएपनि प्रति हजारमा – – – " | २।– |

टिकट दस्तूरको प्रयोजनको निमित्त भरपाईमा धान मुरी १ को ने. रु. २५। र धान मनको ने. रु. १६। का दरले हिसाब गर्नुपर्छ ।

इति सम्वत् २०१६ साल गते रोज शुभम् – – – –

लालमोहर सदर मितिः ०१६।६।५।६

आज्ञाले–

विनोदप्रसाद धिताल

श्री ५ को सरकारको सह–सचिव

कानून तथा न्याय मन्त्रालय।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।